| | | | |
|---|---|---|---|
| <?xml version="1.0" ?> | | | |
| <?xml-stylesheet type="text/css" href="home.css"?> | | | |
| <Doc id="nep-w-media- | NP00012 | " | lang="Nepali"> |
| <Header type="text"> | | | |
| <encodingDesc> | | | |
| <projectDesc> | CIIL-Nepali Corpora, Monolingual Written Text | | </projectDesc> |
| <samplingDesc> | Simple written text only has been transcribed. Diagrams, pictures, tables and verses have been omitted. Samples taken from page 2-3, 24-25, 44-45, 52-53, 54-55, 88-89, 98-99, 112-113, 138-139, 160-161 | | </samplingDesc> |
| </encodingDesc> | | | |
| <sourceDesc><br><biblStruct><br><source> | | | |
| | <category> | Aesthetics | </category> |
| | <subcategory> | Literature-Plays | </subcategory> |
| | <text> | Book | </text> |
| | <title> | shAkuntala nATaka | </title> |
| | <vol> | | </vol> |
| | <issue> | | </issue> |
| </source> | | | |
| <textDes> | | | |
| | <type> | | </type> |
| | <headline> | shAkuntala nATaka | </headline> |
| | <author> | shambhuprasAda Dhung'gyAla | </author> |
| | <translator> | | </translator> |
| | <words> | 2319 | </words> |
| </textDes> | | | |
| <imprint> | | | |
| | <pubPlace> | Nepal-Kathmandu | </pubPlace> |
| | <publisher> | sAjhA prakAshana | </publisher> |
| | <pubDate> | 1994 | </pubDate> |
| </imprint> | | | |
| <idno type="CIIL code"> | | CIIL-80237 | </idno> |
| <index> | | NP00012 | </index> |
| </biblStruct><br></sourceDesc> | | | |
| <profileDesc><br><creation> | | | |
| | <date> | 16-May-2006 | </date> |
| | <inputter> | Srilakshmi M.P | </inputter> |
| | <proof> | Shradha Pradhan, Jeena Rai | </proof> |
| </creation> | | | |
| <langUsage> | | Nepali | </langUsage> |
| <wsdUsage> | | | |
| <writingSystem id="ISO/IEC 10646">Universal Multiple-Octet Coded Character Set (UCS).<br></writingSystem> | | | |
| </wsdUsage> | | | |
| <textClass> | | | |
| <channel mode="w"> | | print | </channel> |
| <domain type="public"> | | | </domain> |

| | | |
|---|---|---|
| </textClass><br></profileDesc><br></Header> | | |
| <text><body> | | |
| <p> | नटी: प्राणनाथ ! म अघि देखिनै आउनालाई श्रृङ्गारको कार्य समाप्त गरी तैय्यार भै वसेकी थिञे, आज्ञा हुनासाथ हाजीर भञे, केलाई हो कुन्नि, दासी चाँडै सुन्न पाउँछे कि ? | </p> |
| <p> | सूत्रधार: प्यारी! आज यस परिषद्को शोभा अघि पछिको भन्दा विशेष बढेको तिमीले पनि देखिहाल्यौ, अतएव महाकवि कालिदास कृत “अभिज्ञान शाकुन्तल” नामक मनोहर नाटक, जस्को अनुवाद नेपाल निवासी हाम्रा प्रियपात्र गौरीप्रसाद शर्माले, गद्यको गद्य र पद्यमा गजल, गीत, राग र वीच वीचमा श्लोकहरू समेत थपी गरेका छन्, आज तेसैको खेल खेल्नु पर्नेछ, तस्मात् प्रत्येक पात्रले आफ्ना आफ्ना कार्यमा सावधान भै विशेष मनोरञ्जनका साथ खेल देखाउनु अति आवश्यक हुनेछ। | </p> |
| <p> | नटी: प्राणनाथ! यहाँको प्रवन्ध नै यस्तो छ कि “यस्ता कौनै कुरोको पनि न्यूनता न भै परिहासका पात्र हुने छैन” भन्ने अनुमान गर्दछु। | </p> |
| <p> | सूत्रधार: प्रिये! तिम्रो अनुमान पनि एक हिसाबले योग्यै ठहरन आउला; परन्तु म तिमीलाई आफ्नु सिद्धान्त पनि भन्दछु : | </p> |
| <p> | नटी: प्राणेश्वर ! यो सत्य हो, अवता कार्य आरम्भ गरनाका निमित्त आज्ञा दिनुहन्छ कि ? | </p> |
| <p> | सूत्रधार: प्यारी! अबता यस सभाका सभासद्हरूलाई प्रसन्न गराउनुदेखि बाहेक अरू के आज्ञा छ र दिउँ ? (चारै तिर हेरी) अहा ! हेर ! यो उपभोगको योग्य ग्रीष्म ऋतु अहिले प्रारम्भ भएको छ ; अतएव यसै ऋतुका योग्य केही गीत गाएर सुनाउँ। | </p> |
| <p> | महाराज: (प्रियंवदासंग) सुन्दरी! अब म तिम्रो सखीको वृत्तान्त सोद्धछु ; भनौलि के? | </p> |
| <p> | दुबै: आर्य! यो हजूरको ठूलो अनुग्रह हो! | </p> |
| <p> | महाराज: महात्मा कण्व ऋषि ता सदाका ब्रहमचारी हुन् भन्ने बिख्यात छ, फेरि इ तिम्री सखी तिनकी छोरी कताबाट हुन गइन् ? | </p> |
| <p> | अनसूया: आर्य! सुनिबक्सियोस, कुशिकका बंशमा एक महां प्रतापी राजर्षि भए। | </p> |
| <p> | महाराज: हो, मैले सुनेको छु, विश्वामित्र हुन् कि? | </p> |
| <p> | अनसूया: हुन्, तिनबाट हाम्रो प्रिय सखीको उत्पति भएको हो। पिता कण्वले इनलाई वनमा फालिएको भेटेर पाली पोषी ठूली गर्दा इनका पिता कहाउनु हुन्छ। | </p> |
| <p> | महाराज: (चकित भएर) हँ ? फ्याकिएको भेटिइन् रे ! यो सुन्दा ता वडो आश्चयर्य पो लाग्यो। सुन्दरी ! मलाई यो समस्त वृतान्त जडैदेखि सुन्नको ठूलो इच्छा भयो। | </p> |
| <p> | अनसूया: आर्य ! सुनिबक्सियोस्, म बिन्ति चढाउँदै छु। जब इ राजर्षिले गौतमीका किनारामा ठूलो तपस्या गरे, तब देवताहरूले शंका मानेर तिनको तप नियममा बिघ्न पार्नाका निमित्त मेनका अप्सरालाई पठाए। | </p> |
| <p> | महाराज: सत्य हो, अर्काको समाधिदेखि देवताहरूले डराउनु प्रसिद्ध छ। | </p> |
| <p> | अनसूया: तब, वसन्तका प्रारम्भमा मेनकाको उन्माद गराउने मोहनी छवि देखने बित्तिकै-(लाजले शिर झुकाउँदछिन्)। | </p> |
| <p> | महाराज: भो भन्नु पर्दैन। अगाडिका कुरा मैले समस्त बुझिसकें। अहा ! इ अप्सराकी छोरी हुन् भन्ने सुन्दा मलाई बिघ्न खुशी लाग्यो। | </p> |

| | | |
|---|---|---|
| <p> | अनसूया: हो आयुष्मन्! इ अप्सराको गर्भबाट पैदा भएकी राजर्षिकी छोरी हुन्। | </p> |
| <p> | सेनापति: (विस्तारै विदूषकसँग) सखे ! तिमी आफ्ना कुरामा अडिरहे है ! म अब स्वामीका मनमाफिकको कुरा गर्दछु। (प्रकट) महाराज ! यस राँडीका छोरालाई मनपरी बक्न दिई हजूर नै विचार गरिबक्सियोस् कि यसमा कति गुण छन्- | </p> |
| <p> | विदूषक: (रिसाएर) लौ अब भो कि! कुरा गराइको ढांचा ता हेर ! महाराजभने आफ्ना प्रकृतिमा प्राप्त हुनुहुन्छ, तिमी-भने यस वनबाट उस वनमा, उस वनवाट यसवनमा दौडीरहन्छौ। कहीं कुनै दिन धोका खाएर मनुश्यका नाकको लोभी बूढो भालुको आहारा ता हुन आँटेका छैनौ ? अँहँ, निको ढङ्ग त छैन, यहाँका ता चाण्डाल भालु हुन्छन् ! | </p> |
| <p> | महाराज: भद्र सेनापति ! यो स्थान आश्रमको निकट छ, यस कारण मृगयाको प्रशंसा गर्दा म तिम्रो पक्ष लिनामा असमर्थ छु। | </p> |
| <p> | सेनापति: (झुकेर) महाराजको जो इच्छा ! म यस कुरामा ज्यादा के विन्ति चढाइरहूँ ? | </p> |
| <p> | महाराज: अगाडि बढेका शिकारीहरूलाई पनि रोकिदिने प्रवन्ध मिलाऊ, अरू सेनाहरूलाई पनि सम्झाइदेउ कि "तपोवनमा कसैले पनि केही कुराको विघ्न नगरुन्" | </p> |
| <p> | बुझ्यौ सेनापति ! यहाँका ऋषिहरू पनि शान्त रहुन्जेल यस्तै गुप्त तेजलाई लिएर चुपचाप कुना कोप्चा लागी बसेका हुन्छन्। इनीहरूलाई छुनु जिस्क्याउनु वारूदमा आगो लगाउनु जस्तै हुन्छ। इनले आफ्नू अलिकति मात्र तिरस्कार भएको बुझेभने छिनमा प्रलय गराउन वेर मान्दैनन्। अतएव पहिले नै इनीहरूको बिचार गर्नु अति आवश्यक छ। | </p> |
| <p> | प्रथम(साथीसँग) अहो दीप्तिमान् भएर पनि ईनको शरीरमा कस्तो विश्वसता प्रतीत हुन्छ हेर हेर ! यसले मई महाराज ऋषिहरूदेखि भिन्न रहेनछन् कि क्या भन्ने अनुमान गर्दछु। अहा ! हेर इनको दर्शन पाउने बित्तिकै हाम्रो भय तेसै बिलाएर गयो; क्या बात धन्य हो! | </p> |
| <p> | द्वितीय: गौतम! के महाराज इन्द्रका सखा दुष्यन्त भनेका इनै हुन्? | </p> |
| <p> | प्रथम: हुन्, इनै हुन्। | </p> |
| <p> | द्वितीय: यसैले ताः- | </p> |
| <p> | दुवै: महाराज ! हजूरको सदा सर्वदा जय हवस्। | </p> |
| <p> | महाराज: (आसनबाट उठेर) म दुवैलाई प्रणाम गर्दछु। | </p> |
| <p> | दुवै : हजूरको कल्याण हवस्। (फलहरू चढाउँदछन्) | </p> |
| <p> | महाराज : (प्रणाम पूर्वक ग्रहण गरेर) हजूरहरूको आज्ञा सुन्ने इच्छा गर्दछु। | </p> |
| <p> | दुवै : महाराज ! आश्रम निवासीहरूले हाम्रा रक्षक महाराजको यहीं राजभएको छ भन्ने सुनेर केही प्रार्थना गरिपठाएका छन्। | </p> |
| <p> | महाराज : के अनुग्रह गरिपठाएका छन्, सुनाइबक्सिन्छ कि ? | </p> |
| <p> | दुवै: हाम्रा गुरु कण्व ऋषि यहाँ नहुनाले राक्षसहरू यज्ञमा आई अनेक तरहका विघ्न विनाश गर्दछन्, यस कारणले सारथी, सहित केही दिन यस आश्रममा बसी हजूरले यज्ञको रक्षा गरिदिए हामीहरूको ठूलो उपकार हुने थियो भनी विन्ति चढाउँदछन्। | </p> |
| <p> | महाराज : (प्रणाम गरेर) हजूरहरू अगाडि पाल्नुहवस् म अहिल्यै हाजिर हुन्छु। | </p> |
| <p> | दुवै : महाराजको सदा जय हवस्। (दुवै जान्छन्) | </p> |
| <p> | महाराज : माढव्य ! के तिम्रा मनमा शकुन्तलालाई हेर्ने इच्छा छ ? | </p> |
| <p> | विदूषक : पहिले ता हेर्ने बडो उमंग थियो परन्तु राक्षसको नाउ सुन्नासाथ अव ता एक बूँद | </p> |

| | | |
|---|---|---|
| | मात्र पनि हेर्ने इच्छा छैन ज्यान रहे यस्ता देख्तैगरूँला। | |
| <p> | महाराज : यसमा डराउने के कुरा छ र ? मेरा निकट निर्भयसाथ बस तिमीलाई कोही छुनसम्म पनि आउन सक्ने छैनन्। | </p> |
| <p> | विदूषक : भो बा म यहीं राक्षसहरूदेखि रक्षित छु नाहकमा त्यहाँ गएर ज्यूलाई सास्ती दिई दिईकन बस्नाले के फाइदा छ? (द्वारपाल आउँदछ) | </p> |
| <p> | द्वारपाल : महाराज ! रथ कसीकसाउ भै आई सर्कारका विजय प्रस्थानको बाटो हेर्न लागिरहेछ। फेरि मुमा महारानीबाट पठाइबक्सिएको करभक दूत नगरबाट केही संदेशा लिएर आएको रहेछ तेसलाई के हुकुम हुन्छ? | </p> |
| <p> | महाराज : (आदरले) के मुमाज्यूबाट पठाइबक्सिएको करभक आएको रहेछ? | </p> |
| <p> | द्वारपाल : महाराज ! | </p> |
| <p> | महाराज : हुन्छ, तेसलाई यहाँ चांडै पठाईदे। | </p> |
| <p> | द्वारपाल: महाराज जो हुकुम (बाहिर गई करभकका साथै आउँदछ) वहाँ महाराजको राजभएको छ, अगाडि जा। | </p> |
| <p> | करभक: (साष्टांग गरेर) महाराजको जय हवस्। हिजो मुमाज्यूबाट मलाई बुलाहट भई हुकुम बक्सियो कि तं चाँडै गई महाराज लाई बिन्ति चढा कि पर्सी पञ्चमीका दिन महाराजको जन्मोत्सव छ तेस दिन मैले सदा सर्वदा ब्रत लिने गरेकी छु, यस उसले तेस दिनलाई नगरमा महाराजको समेत सवारी भई अष्ट चिरञ्जीवीको पूजा गरिबक्सिए अति असल हुने थियो; सो म रातारात गरी विन्ति चढाउन हाजिर भएको छु, जो हुकुम हुन्छ। | </p> |
| <p> | महाराज: यता तपस्वीहरूको कार्य, उता मुमाज्यूको हुकुम, दुबैको आज्ञा अनिवार्य छन्। म त वडो फसादमा परें अब मैले यसको के उपाय गर्ने हो? | </p> |
| <p> | विदूषक: (हाँसेर) अब ता महाराज हजूर त्रिशंकु भएर मध्यमै अडिरहनुहवस्। | </p> |
| <p> | अनसूया: सखी प्रियंवदा! यद्यपि गन्धर्व बिधिले शकुन्तलाको विवाह पनि भयो; पति पनि तिनलाई तुल्य नै मिले; यसले मन पनि प्रसन्न भयो। परन्तु किन हो कि भित्रको चिन्ता ता कसै गरेर पनि मेटिई सकेन। | </p> |
| <p> | प्रियंवदा : किन हँ सखी ! किन ? | </p> |
| <p> | अनसूया: यसैउसले कि आज ती राजर्षि तपस्वीहरूको यज्ञ निर्विघ्न पूर्वक समाप्त गराई ऋषिहरूसंग बिदावादी भएर आफ्ना नगरमा गए। नजाने उहाँ अन्तःपुरमा पुगेपछि यहाँको कुरा स्मरण गरिरहन्छन् कि रहँदैनन् भन्ने चिन्ता लागेको छ। कसो गर्छन् कुन्नि दैवै जानून्। | </p> |
| <p> | प्रियंवदा: सखी! विश्वास राख, यस्ता महात्मा पुरुष विरुद्ध स्वभावका कहिल्यै हुँदैनन्। परन्तु चिन्ता ता यस कुराको लागिरहेछ कि पिता कण्व यस वृत्तान्तलाई सुनेर नजाने के भन्नु होला! अरू ता मलाई रतिभर पनि चिन्ता लागेको छैन। | </p> |
| <p> | अनसूया: जहाँतक मविचार गर्छु, यस कुराले ता अवश्यमेव प्रसन्न नै हुनुहुने छ। | </p> |
| <p> | प्रियंवदा: कसरी सखी! तिमीले यो कुरा कुन साहस लिएर भन्यौ? | </p> |
| <p> | अनसूया: पिता कण्वको यो सङ्कल्प थियो कि "यो कन्या म गुणवान् वर छानी दिनेछु" सो दैवका इच्छाले स्वयं नै यस्ता वर मिले भने गुरु झन विना प्रयासै कृतार्थ हुनुहुने छ ! | </p> |
| <p> | प्रियंवदा: (फूलको डालोतिर हेरेर) सखी! पूजालाई पुग्ने फूल ता मैले टिपीसकें, अव के | </p> |

| | | |
|---|---|---|
| | भन्छयौ ? | |
| <p> | अनसूया: शकुन्तलाका हातबाट सौभाग्यदेवीको पूजा पनि ता गराउनु छ, अलिकति अरू टिप सखी ! | </p> |
| <p> | प्रियंवदा: हुन्छ, जाऊँ सखी ! म पनि मालालाई झिक्तै गर्दछु (अनसूया जान्छिन्, प्रियंवदा मालाहरू झिक्तछिन्) | </p> |
| <p> | (नेपथ्यमा) | </p> |
| <p> | -गौतमी ! लौ झट्ट गै, शार्ङ्गर्वरमिश्रलाई "आजै शकुन्तलालाई लिएर जानुपर्दछ" भनी भनिदेऊ। जाऊ अबेर न गरे। | </p> |
| <p> | प्रियंवदा: (कान थापेर) अनसूया ! शीघ्रता गर वा ! हेर हस्तिनापुर जाने ऋषिहरू बोलाइन लागेका छन्। (हातमा मङ्गलको सामग्री लिएर अनसूयाको प्रवेश) | </p> |
| <p> | अनसूया: आऊ सखी! जाऊँ, मैले सबै सामग्री ल्याइसकें (यताउता घुम्दछिन्) | </p> |
| <p> | प्रियंवदा : (हेरेर) लौ हेर सखी ! सूर्य उदय हुनासाथ शिरैदेखि स्नान गरी शकुन्तला बसिरहेकी रहिछन्। उता हेर प्रतिष्ठित नीवार हातमा लिई स्वस्तिवाचन गर्ने भएका तपस्वनीहरू पनि शुभ आशीष दिन लागिरहेका रहेछन्। अब हामी पनि उतै उनका समीपमा जाऊँ कि ? (जान्छन् तपस्वीहरू सहित शकुन्तला देखिइन्छिन्) | </p> |
| <p> | एक तपस्विनी : (शकुन्तलातिर हेरेर) पुत्री ! तिमी स्वामीबाट ठूलो मान पाएर महारानीका पदमा प्राप्त भए ! | </p> |
| <p> | अर्की तपस्वनी : वत्से ! तिमी सर्वत्र पूजनीय भई वीरकी माता भए ! | </p> |
| <p> | तेस्री तपस्वनी: पुत्री, तिमी पतिकी बहुतै प्यारी ! भए (यति आशीष दिई, गौतमीलाई छाडेर सबै तपस्वनीहरू जान्छन्) | </p> |
| <p> | दुवै सखी : (समीप गएर) सखी ! असल हिसाबसंग ता स्नान भयो? | </p> |
| <p> | शकुन्तला : मेरी प्यारी सखी ! तिमीहरू खूव आइपुग्यौ; आऊ एक्कैछिन ता यहाँ बस । | </p> |
| <p> | दुवै सखी : (मङ्गलपात्र हातमा लिई बसेर) हुन्छ सखी ! अब तिमी पनि सज्जित होऊ; त्यहाँसम्म हामीहरू पनि तिम्रा वदनमा मङ्गल उपचारको वुकुनी लाइदिन्छौं । | </p> |
| <p> | शकुन्तला : यो पनि धेरै हो। अब ता तिमीहरूबाट गरिने श्रृङ्गार मलाई बहुतै दुर्लभ हुनेछ। (मुख छोपेर रुन्छिन्) | </p> |
| <p> | दुवै सखी : सखी! यस्तो मङ्गल कार्यमा तिमीले अधीर भै रुनु उचित पर्दैन, नरोऊ। (शकुन्तलाको आँशु पुंछेर दुवै बस्त्र पहिराउन लाग्दछन्) | </p> |
| <p> | कण्व : पुत्री! मेरा आशिर्वादले तिम्रो सदा सर्वदा कल्याण भई मनोरथ पूरा होला। | </p> |
| <p> | शकुन्तला: (दुवै सखीहरूका निकट गएर) आऊ सखी आऊ; यो तिमीहरूको साथ अन्तिम भेट हो। मसंग दिल खोलेर एक चोटि मिल। (आँशू पूछेर) सखी म टाढा भत्रे भनी मलाई माया नमारे है ? बरावर क्षेमकुशल लेखिपठाउँदै गरे। मेरो तिमीहरू वाहेक अरू कोई छैन। | </p> |
| <p> | दुवै सखी: (शकुन्तलालाई प्रेमपूर्वक आलिङ्गन गरेर) हरे ! सखी हामी कसरी माया मार्दथ्यौ? दैवै उस्तो भयोभने केही लाग्ने छैन, नत्र बरावर हालखवर लेखिपठाउँदै गरूँला। बरु तिमीले पो माया नमारे। (संझेर) अँ, सखी! एउटा कुरा तिमीले केही गरे पनि नबिर्से; दरबारमा पुगेपछि यदि महाराजले तिमीलाई चिन्हेनन् भने यो हीराको औंठी जसमा उनको नाउं लेखिएको छ उनलाई देखाइदिए है। | </p> |

| | | |
|---|---|---|
| <p> | शकुन्तला: (झस्केर) सखी! तिमीहरूको यो सन्देहले ता मलाई कम्पित गराइदियो। हरे के के हुने हो, कुन औधीले म उनकी हुनपाउने हूँ ! | </p> |
| <p> | दुवै सखी: सखी! डराउनु पर्ने केही कुरा छैन, नडराऊ। अधिक स्नेहमा अनिष्टको सन्देह हुन्छ; यो स्वाभाविकै हो। जाऊ तिम्रो सदा सर्वदा कल्याण होला। | </p> |
| <p> | शकुन्तला: (आश्रमतिर मुख गरी उभिएर) पिता ! अब म यो प्यारो तपोवनको फेरि कैले दर्शन गर्न पाउँला ? | </p> |
| <p> | कण्व: पुत्री, तिमी धन्दा नमान। यसको दर्शन फेरि पाउने छयौ। | </p> |
| <p> | महाराज : सत्यवादी मुनिवर ! यो ता समस्त मैले बुझें कि हामीहरूकी विद्‌या यस्तै रहीछ। परन्तु धर्म नछाडि यो ता भन्नोस् कि इनिसंग अनाहकमा छल गर्नाले मलाई के नाफा हुन्छ ? | </p> |
| <p> | शार्ङ्गरवं : (क्रोधले) घोर विपत्ति। | </p> |
| <p> | महाराज: पुरुवंशीहरू विपत्तिको इच्छा गर्दछन् भन्ने कुरामा कसैलाई पनि श्रद्धा हुन सक्तैन; हजूरले भन्दैमा हुन्छ र ? | </p> |
| <p> | शारद्वत: शार्ङगरव ! यस उत्तर प्रत्युत्तरले हामीलाई के फाइदा छ ? गुरु महाराजको जो समाचार भन्नु थियो, सो सबै एक एक गरी सुनाइदिइहाल्यौं। हिंड अब फर्कूं, हामीलाई सारै बेर भयो। (महाराजतिर फर्की) राजन् ! | </p> |
| <p> | हामीले इनलाई हजूरका आधारमा सूम्प्यौं, अब हाम्रा हातबाट गइन्। पाले पुण्य मारे पाप हजूर जान्नुहोला, हामी गत्रौं। (घुमेर) हिंडनोस् गौतमी ! अगाडि लाग्नोस्; अब जाऊँ, यहाँ मोफतमा अल्मलिइरहनाको केही काम छैन। (दुबै मिश्र र गौतमी बिस्तारो बिस्तारो जान्छन्) | </p> |
| <p> | शकुन्तला: (अफसोसले) हाय छलिया राजाले ता मलाई धर्मको ख्यालै नराखी छाडिदिए; तिमीहरू पनि मलाई यस्ती अनाथा तुल्याई छाडेर जान्छौ ? अफसोस ! अब म कहाँ डुवेर मरूँ ? मेरा निमित्त आज सारा संसार निर्दयीरूप भैसक्यो नि! (रूँदै रूँदै तिनीहरूका पछि पछि जान्छिन्) | </p> |
| <p> | गौतमी: (उभिएर) पुत्र ! शार्ङ्गरव ! हेर, बिचारी शकुन्तला करूणापूर्ण रोदन गरी हाम्रा पछिपछि आइरहिछन्। हाय ! इ निरमाया पति भनाउँदा राजाले छाडेपछि मेरी अभागिनी छोरी असहाय भएर के गर्लिन् ? | </p> |
| <p> | शर्ङ्गरव: (क्रोध पूर्वक शकुन्तलासंग) भाग्यहीने शकुन्तले ! के अब तिमी स्वच्छन्दचारिणी हुन खोज्दछयौ ? | </p> |
| <p> | शकुन्तला : (भयले थर थर कांपेर) हाय ! अब म कसो गरूँ ? | </p> |
| <p> | शर्ङ्गरव : शकुन्तले ! | </p> |
| <p> | विदूषक : महाराज ! जहाँ मणिहरूले वेलबुट्टा भरिएको शिलाको चौकी विछाइएको देखिन्छ सोही माधवीकुञ्ज हो। यो अहिले नजर होस्। मानो आदरका निमित्त हामीलाई फूलको उपहार दिन लागेको होकि ? भनेझैं देखिन लागिरहेछ। सवारीहवस्, तिहीं गएर एक क्षण विश्राम लिऊँ। (दुवै त्यहाँ गएर बस्तछन्।) | </p> |
| <p> | सानुमती : (मनमनै) म पनि प्यारी शकुन्तलाको चित्र यसै लतामण्डपका आडमा लागेर हेर्नुपर्‍यो। वहाँ पछि इनका प्रेमको अधिकता र चित्तको बिह्वलताहरू समस्त शकुन्तलासंग | </p> |

| | | |
|---|---|---|
| | गएर भन्नुपर्ला। (लताका आडमा लागी बस्तछिन्) | |
| <p> | महाराज : मित्र ! मलाई अहिले शकुन्तलासंग भेट भएको पूर्व वृत्तान्तको स्मरण बिस्तारो बिस्तारो हुनलागिरहेछ। यो कुरा मैले वनमा तिमीलाई पनि ता भनेथें। परन्तु शकुन्तलालाई अनादर गरेका समयमा थिएनौ, न तिमीले तेसपछि, कहिल्यै तिनको नाम लियौ त के तिमीले पनि तिनलाई मैझैं भई बिल्कुलै बिर्सिदिएका थियौ? | </p> |
| <p> | विदूषक : अँहँ, मैंले बिर्सेको थिइन, परन्तु सबै कुरा भनिसके पछि हजूरले यो पनि ता हुकुम भएको थियो कि "यो कुरा मैले फगत दिलबहलाउलाई मात्र भनेको हुँ, यथार्थमा साँचो होइन।" मैले पनि आफ्नू मुढबुद्धिले तेस्तै होला भन्ने ठानी रहेको थिञे। होनहार वडो प्रवल हुंदो रहेछ ! | </p> |
| <p> | सानुमती : (मनमनै) उसमाथि यो हरिलङ्गक पनि यस्तै किसिमको रहेछ ! | </p> |
| <p> | महाराज : (शोकले कातर भई) मित्र ! मलाई यस दु:खबाट छुटाऊ। | </p> |
| <p> | विदूषक : महाराज ! यो हजूर बालकका झैं भई के हुकुम हुन्छ? हजूरलाई यस कुराले कत्ति शोभा दिंदैन। सत्पुरुष कहिले पनि शोकले कातर हुँदैनन्। हेरिबक्सियोस् कस्तै प्रवल वेगसंग आँधी चले पनि पर्वतहरू कम्पित हुँदैनन्। | </p> |

</body></text>
</Doc>